आ.व. २०८३।०८४

वैठकः- नगर कार्यपालिका वैठक

अध्यक्षताः- नगर प्रमुख **सन्तोष लाल श्रेष्ठ**

वैठक नं. ०१।०८३।०८४

मितिः-२०८३।०४।११ गते

स्थानः- ता.न.पा मिनिहल

समयः- दिनको १.०० वजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री सन्तोष लाल श्रेष्ठ** ज्युको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

**उपस्थिति**

| **उपस्थिति** | **नाम थर** | **पद** | **ठेगाना** | **कार्यपालिका** |
|---|---|---|---|---|
| | श्री सन्तोषलाल श्रेष्ठ | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष |
| | श्री प्रतिक्षा सिंजाली | नगर उपप्रमुख | ता.न.पा. ४ | सदस्य |
| | श्री यादव सिंह कार्की | वडा अध्यक्ष (प्रवक्ता) | ता.न.पा.११ | सदस्य |
| | श्री सुनिल कुमार बस्याल | वडा अध्यक्ष | ता.न.पा. १ | सदस्य |
| | श्री महेश्वर श्रेष्ठ | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य |
| | श्री वावुरत्न शाक्य | वडा अध्यक्ष | ता.न.पा ३ | सदस्य |
| | श्री हेमन्तराज शाक्य | वडा अध्यक्ष | ता.न.पा. ४ | सदस्य |
| | श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य |
| | श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य |
| | श्री प्रदिप खनाल | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य |
| | श्री सोमनाथ अर्याल | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य |
| | श्री राजेश कुमार अर्याल | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य |
| | श्री हिमलाल पंगेनी | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य |

| | | | |
|---|---|---|---|
| श्री मेजर सिंह केसी | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य |
| श्री शोभाकर भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य |
| श्री लक्ष्मी नेपाल | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री मन्जु वि.क | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री सविता भट्टराई | कार्यपालिका सदस्य | ता.न.पा. २ | ।सदस्य |
| श्री पुजा रावल | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री दिनेश गन्धर्व | कार्यपालिका सदस्य | ता.न.पा. ६ | सदस्य |
| श्री संजय घले | कार्यपालिका सदस्य | ता.न.पा. ४ | सदस्य |
| श्री अनु रामदाम | कार्यपालिका सदस्य | ता.न.पा. १० | सदस्य |
| श्री चेतनाथ गिरी | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा.का | सचिव |

निर्णय नं. १

तानसेन नगर कार्यपालिकाको मिति २०८३।३।२१ गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो ।

निर्णय नं. २

तानसेन नगरपालिकाको बजार व्यवस्थापन तथा सौन्दर्यकरण समितिबाट सिफारिस गरिएको बजार व्यवस्थापन तथा सौन्दर्यकरण कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

तानसेन नगरपालिका वडा नं. ६ अमरगञ्ज स्थित सेन माध्यमिक विद्यालयको नयाँ विद्यालय भवन लगायत पूर्वाधार निर्माणका लागि तानसेन नगरपालिकाद्वारा विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरिएको र उक्त DPR बमोजिमको निर्माण कार्य पुरा गर्न आवश्यक बजेटका लागि भारतीय राजदुतावास लैनचौर काठमाण्डौंमा सिफारिस गरिदिन भनि उक्त विद्यालयको च.नं. ५ मिति २०८३।०४।०७ को पत्र मार्फत यस कार्यालयमा अनुरोध भई आएकोमा उक्त DPR बमोजिम आयोजना निर्माण कार्य गर्दा लाग्ने कुल लागतको १० प्रतिशत नगरपालिकाले लागत साझेदारी गर्ने सुनिश्चितता गरी भारतीय राजदुतावास लैनचौर काठमाण्डौंमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ४**

तानसेन नगरपालिका वडा नं. ४ स्थित कि.नं. ८५ र ८९ मा रहेको पाल्पा अस्पतालसँग जोडिएका कि.नं. ८२ क्षेत्रफल ०-१३-०-३ कि.नं. ४३५ क्षेत्रफल ०-१२-०-० को जग्गा मध्ये कि.नं. ८२ मा साविक देखिनै अस्पतालमा प्रयोगमा नआउने मालसामान जम्मा गरी राखेको र कित्ता नं. ४३५ मा पानी टंकी तथा पार्किङ्ग एरियाको रुपमा उपभोग हुँदै आएकोमा उक्त अस्पताल भवन हाल जिर्ण अवस्थामा रहेकोले पुनः निर्माण गर्नुपर्ने अवस्था भएको हुँदा माथि उल्लेखित कि.नं. ८२ र कि.नं ४३५ को पुरै क्षेत्रफल कुनै व्यक्तिको नामको जग्गा नभई पाल्पा अस्पतालले भोगचलन गर्दै आएको सरकारी जग्गा भएकोले उक्त जग्गा नेपाल सरकारको नाममा गरी पाल्पा अस्पताललाई प्रयोग गर्न दिएमा कुनै फरक नपर्ने भन्ने व्यहोरा सहित स्थानीय सरोकारवालाहरुको रोहवरमा तयार भई पेश भएको ४ नं. वडा कार्यालयको पत्रसाथ प्राप्त मुचुल्का साथै उक्त जग्गाको श्रेस्ता अभिलेखमा श्रेस्ता कायम नदेखिएको भन्ने भूमि प्रशासन कार्यालय तानसेन पाल्पाको च.नं. ५० मिति २०८३।०४।११ गतेको प्राप्त पत्र समेतका आधारमा उक्त जग्गा प्रचलित नियम कानून अनुसार नेपाल सरकारको नाममा गरी पाल्पा अस्पताल भवनलाई भवन निर्माणका लागि प्रयोग गर्न सम्वन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

तानसेन नगरपालिकाको आयोजना तथा द एशिया फाउण्डेशनको सहयोगमा मिति २०८३ असोज १४ देखि १६ गतेसम्म आयोजना गरिने अन्तरपालिका स्तरीय उत्तम अभ्यास आदानप्रदान कार्यक्रमको सहभागिता सम्वन्धमा बैठकमा जानकारी भयो । यस सम्वन्धमा करिव ३०० जनाको सहभागिता रहने अनुमान गरिएकोमा यस कार्यको समग्र व्यवस्थापनको साथ प्रभावकारी रुपमा कार्यक्रमको आयोजना तथा व्यवस्थापन मिलाउने निर्णय गरियो । उक्त कार्यक्रम तानसेन नगरपालिकाको आयोजनामा सञ्चालन हुने भएकोले कार्यक्रमको लागि अनुमानित रकम रु.५,००,०००। खर्च हुने भएकोले तानसेन नगरपालिकाको आ.व.०८३।०८४को नगर विकास योजनाको अन्तरपालिका समन्वय तथा राष्ट्रिय/अन्तराष्ट्रिय सम्वन्ध र साझेदारी शिर्षकवाट खर्च गर्ने निर्णय गरियो ।

उत्तरकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

**निर्णय नं. ६**

Seoul Metropolitan Governmennt को सहकार्य र City Net Secretariat द्वारा आयोजित Smart Life Weak 2026 को कार्यक्रममा यस नगरपालिकाको तर्फबाट नगर प्रमुख श्री सन्तोषलाल श्रेष्ठले सहभागिता जनाउने निर्णय गरियो ।

**निर्णय नं. ७.**

Global City Tourism Summit 2026 को सम्बन्धमा यस नगरपालिकाको तर्फबाट नगर प्रमुख सन्तोषलाल श्रेष्ठ र इच्छुक कार्यपालिका सदस्यहरु मध्यवाट १ जनाको सहभागि हुने निर्णय गरियो ।

**निर्णय नं. ८**

आ.व. ०८३।०८४ को लागि पाल्पा जिल्ला दररेट निर्धारण समितिवाट स्वीकृत भएको जिल्ला दररेटलाई आधार मानी तयार गरिएको तानसेन नगरपालिकाको नगर दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

भूमि समस्या समाधान बारे तानसेन नगरपालिकाबाट हालसम्म गरिएका कार्यहरुको बारेमा बैठकमा जानकारी भयो । यस सम्वन्धमा भूमी समस्या जिल्ला समितिसँग समन्वय गरी भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित वसोवासीको लागि नियमानुसार जग्गा व्यवस्थापनको कार्य अगाडि बढाउने सम्वन्धमा नगरपालिका तथा वडा कार्यालयहरुवाट गर्नुपर्ने कार्यहरु तदारुकताका साथ गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

आ.व. २०८२।०८३ को भुक्तानी दिन वाँकी यसैसाथ संलग्न विवरण बमोजिमको योजना कार्यक्रम सहित रकमको दायित्व सार्ने निर्णय गरियो ।

नगरकार्यपालिकाको कार्यालय

आ.ब. 2082।083 को भुक्तानी बाकी भएका योजनाहरुको विवरण (चालु)

| क्र.स. | खर्चको विवरण | भुक्तानी दिनुपर्ने | भुक्तानी दिनुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|
| 1 | ईन्टरनेटको विल भुक्तानी वडानं 4 | सविना पुलामी मगर | 10000 | |
| 2 | नगरपालिका कार्यालय मर्मत वापतको भुक्तानी | न्यू वगनासदेवी स्टोर्स | 19888 | |
| 3 | योजना अनुगमन भत्ता | विवरण वमोजिम | 380000 | कार्यविधि वमोजिम प्रतिदिन 2 योजना अनुगमन गरेको आधारमा उपलब्ध गराउने |
| 4 | वडा नं 1 खेल तथा सामाग्री खरिद | विभिन्न विल अनुसार | 109320 | |
| 5 | कार्यालयमा कम्पूटर जन्य सामाग्री मर्मत तथा खरिद | साझा कम्पूटर सर्भिस सेन्टर | 19200 | |
| 6 | मिनि ट्रक मर्मत वापतको भुक्तानी | लक्ष्मी मोटो केयर | 27685 | |
| 7 | HDPE Pipe खरिद वडा नं 13 वापतको भुक्तानी | दुश्यान्त हार्डवेयर | 25086 | |
| 8 | वडा नं 13 मोटरबाटो मर्मतको भुक्तानी | अधिकारी निर्माण सेवा | 28436 | |
| 9 | वडा नं 13 वडा भेला खर्च भुक्तानी | सुविन घिमिरे | 5100 | |

प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| 10 | कार्यालय संचालन खर्च | विवरण वमोजिम | 30250 | |
| 11 | वडा नं १ शिवालय मन्दिर, दुर्गा भवानी टोल विकास संस्था र लाखे नाच वापतको भुक्तानी | विवरण वमोजिम | 55000 | |
| 12 | वडा नं 13 विविध खर्च रकम भुक्तानी | विवरण वमोजिम | 28300 | |
| 13 | संचार सवलीकरण वापतको भुक्तानी | विवरण वमोजिम | 686000 | |
| 14 | अमर नारायण मन्दिरलाई सहयोग | अमर नारायण मन्दिर | 55000 | |
| 15 | कक्षा-8 परिक्षा उत्तिर्ण विद्यार्थीको लागि प्रमाणपत्र छपाईको पेपरको भुक्तानी | कान्तिपुर स्टेशनरी | 14000 | |
| 16 | विघालयमा आधारित विपद जोखिम न्यूनिकरण कार्यक्रम खर्च | विवरण वमोजिम | 234615 | |
| | जम्मा | | **1727880** | |

आ.ब. 2082।083 को भुक्तानी बाकी भएका योजनाहरुको विवरण (पूजीँगत)

| क्र.स. | योजनाको नाम | | विनियोजित वजेट | भुक्तानी दिनुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|
| 1 | मिनि नाङ्गलो देखि आखा शिविर निस्कने ठाडो बाटो तथा ढल | वडा स्तरीय वडा नं 3 | | 452876.47 | |
| 2 | अस्थाई प्रहरीविट पानी टंकी तर्फको बाटो निर्माण 50।50 वडा नं 1 | लागत सहभागीता | 400000 | 390000 | |
| 3 | सरस्वती पौवा मर्मत वडा नं 6 | महिला मैत्री पूर्वाधार | 500000 | 483411.67 | |
| 4 | ठूलो सिमलदेखि नर्सिङ्ग कलेज तथा वस्ती योजना बाटो निर्माण वडा नं 7 | लागत सहभागीता | 800000 | 648878 | |
| 5 | मिनि ट्रयाक्टर वितरण (50 %अनुदान) | वडा स्तरीय वडा नं 12 | 300000 | 300000 | |
| 6 | विद्यालयमा आधारित विपद जिखिम न्यूनिकरण (SPDRC) भुक्तानी दिनुपर्ने:649885 | नगर स्तरीय | 274000 | 649885 | |
| 7 | जोगेपानी जोइडाडा तिलहार मो.बा. | वा स्तरीय-11 | 500000 | 463531.74 | |
| 8 | भैपरी आउने ढल तथा सरसफाई व्यवस्थापन | वढा स्तरीय-4 | 300000 | 13023.26 | |
| 9 | प.प. स्कुल पछाडिको बाटो तथा ढल मर्मत | वडा स्तरीय-3 | 300000 | 26417.6 | |
| 10 | वडाका विभिन्न स्थानमा बाटो,ढल,वाल,रेलिङ्ग,चौपारी निर्माण तथा मर्मत | वडा स्तरीय-2 | 1000000 | 937606.73 | |
| 11 | समाकोट जैगडा मो.बा.ढलान वडा नं 11 | मर्मत सम्भार | 300000 | 273604.75 | |
| 12 | Supply delivery and fitting of Tourism sinage streets numbering and information board | नगर स्तरीय | 749109.77 | 154802 | जम्मा भुक्तानी दिनुपर्ने:634802.5 भुक्तानी दिएको रकम रु.480000 |
| 13 | ग्यारेज निर्माण | | 403311.62 | 352236.32 | टिप्पणीमा प्रदेश समपुरक |

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | उल्लेख |
| 14 | (वोर्नेटा पानी टंकी हुदै नयाबारी मोटरबाटो मर्मत) अन्य पूर्वाधार कार्यक्रम | | 250000 | 240044 | |
| 15 | Upgreading Ranimahal museum | | 854915.79 | 843282.05 | |
| 16 | नयापाटी वडा कार्यालय स्तरोन्नती | वडा स्तरीय-10 | 476085.76 | 216120 | |
| 17 | नरपालिका तथा अन्य वडा कार्यालयको लागि कम्पूटर जन्य सामाग्री खरिद।(बालज्योती प्रा.वि.,वडा नं 12 र अन्य तानपा कार्यालयको लागि) | | | 461096.5 | |
| 18 | दिगो पर्यटन परियोजना | | | 84000 | पर्यटन विकास वोर्ड वाट निकासा भए पस्चात भुक्तानी दिने गरी |
| | जम्मा | | 7407422.94 | 6990816.09 | |

नगरकार्यपालिकाको कार्यालय

आ.ब. 2082।083 को भुक्तानी बाकी भएका योजनाहरुको विवरण ( कर्यालय संचालन कोष र धरौटी खर्च खाता)

| क्र.स. | खर्चको विवरण | भुक्तानी दिनुपर्ने | भुक्तानी दिनुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|
| 1 | पोलधारा आपटारी वाटो मर्मत रकम रु.18299 | यम बहादुर सुर्यवंशी | 18299 | धरौटी खाताबाट oshin निर्माण सेवाको धरौटीवाट कट्टागरी भुक्तानी दिने. |
| 2 | भगवती मन्दिरमा घण्ट निर्माण | | 1500000 | कार्य संचालन कोष खर्च |
| | जम्मा | | **1518299** | |

**निर्णय नं. ११**

आ.व. २०८३/०८४ को लागि ससर्त तथा नगरपालिका अनुदानतर्फ प्राप्त शिक्षण सहयोग अनुदान दरवन्दी नभएका तथा न्यून दरवन्दी भएका निम्न विद्यालयहरुलाई दिने निर्णय गरियो ।

**क) ससर्त अनुदानतर्फ :**

**१ माध्यमिक तह:**

- श्री भूसलडाँडा माध्यमिक विद्यालय ता.न.पा.०१ - विज्ञान-१ र गणित-१ गरी जम्मा-२ (निरन्तर)
- श्री जनप्रिय माध्यमिक विद्यालय ता.न.पा ०६- विज्ञान -१ (निरन्तर)

**२) निम्नमाध्यमिक तह :**

- जनप्रिय माध्यमिक विद्यालय, ता.न.पा. ०६- गणित-१ (निरन्तर)
- गार्गी माध्यमिक विद्यालय ता.न.पा. ११- अंग्रेजी-१ ( सरस्वती मा.वि.बाट गार्गी मा.वि.मा लैजाने) ।

**ख) नगरपालिका अनुदानतर्फ:**

**१) माध्यमिक तह:**

- श्री गार्गी मा.वि. ता.न.पा. ११-अंग्रेजी-१ (निरन्तर)- पारिश्रमिक ४३६८९। का दरले १३ महिनाको ।

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

२) **बालविकास तर्फ :**

- श्री सर्वोदय मा.वि.बालविकास शिक्षक-१ (निरन्तर)-पारिश्रमिक १००००। का दरले १३ महिनाको ।

**निर्णय नं. १२**

सेन माध्यमिक विद्यालय ता.न.पा वडा नं. ०६ को विद्यालय कर्मचारी नियुक्ति सम्वन्धी कार्यविधि -२०८३, बालमन्दिर आधारभूत विद्यालय ता.न.पा वडा नं. ४ को विद्यालय कर्मचारी नियुक्ति सम्वन्धी कार्यविधि-२०८३ र दमकडा माध्यमिक विद्यालय ता.न.पा वडा नं. ९ को विद्यालय कर्मचारी नियुक्ति सम्वन्धी कार्यविधि-२०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

तानसेन नगरपालिका वडा नं. ९ स्थित तिनाउ खोलाको सिमलघाट क्षेत्र र वडा नं. १३ स्थित कालीगण्डकी नदीको सिदुर्दी घाट र सपलक बगर एवम् ता.न.पा. १४ को जल्दीभीर बगर आसपासका पुलहरुको १ कि.मी तल र ५०० मिटर माथीको नदीजन्य पदार्थ उत्खनन् र व्यवस्थापनको विषयमा लुम्बिनी प्रदेशको ढुंगा, माटो, गिट्टी, बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ ले निषेध गरेतापनि प्राविधिक टोलीको सिफारिस एवम् जिल्ला बिपद् व्यवस्थापन समितिको निर्णयको आधारमा उक्त निषेधित क्षेत्रका नदीजन्य पदार्थलाई व्यवस्थापन गर्न सकिने कानूनी व्यवस्था भएकोले वातावरण संरक्षण नियमावली २०७७ को नियम ७ को उपनियम (५) को खण्ड (ख) बमोजिम ता.न.पा.बाट २०८२।०८।२६ मा स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षणमा समेटिएका माथी उल्लेखित बगर तथा घाटमा संकलित पदार्थहरुलाई व्यवस्थित ढंगले हटाउन सकिए नदीको बहावमा सुधार भई नदी किनार कटानमा रोकथाम हुने एवम् जल प्रकोप जोखिम न्युनिकरण हुने देखिदा उक्त कार्यको लागि जिल्ला बिपद् व्यवस्थापन समिति पाल्पाबाट उक्त क्षेत्रको नदीजन्य पदार्थ हटाउने सम्वन्धमा आवश्यक निर्णय हुनुपर्ने भएकोले सो को लागि जिल्ला बिपद् व्यवस्थापन समिति पाल्पामा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

उपभोक्ता समिति गठन तथा योजना सम्झौता सम्वन्धमा वैठकमा छलफल भयो । यस सम्वन्धमा मिति २०८३ भाद्र मशान्त भित्रमा उपभोक्ता समिति गठन गरी स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीको व्यवस्था बमोजिम उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाका उपभोक्ताहरुलाई कार्यान्वयन गर्नुपूर्व अभिमुखिकरण कार्यक्रम सञ्चालन गरी क्षमता विकास र शसक्तिकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

यस तानसेन नगरपालिका कार्यालय र निर्माण व्यबसायीहरु बीच सम्झौता भइ बिबिध कारणले तपसीलका आयोजनाहरु सम्पन्न नभई अधुरो अवस्थामा रहेको र तत्कालिन समयमा उक्त आयोजनाहरुलाई निरन्तरता दिनको लागि नगरपालिकाको सिमित श्रोत र साधन भएकोले बजेटको श्रोत सुनिश्चित गर्न नसकिएको कारण ती आयोजनाहरुको म्याद थप गरी कार्य गराउन नसकिएको अवस्थामा हाल ती अधुरा रहेका ठेक्काहरु सम्पन्न नहुदा यस नगरपालिकाको समग्र पूर्वाधार विकास आयोजनाहरुमा कानुनी समस्या सिर्जना भएकोले सो समस्या ममाधानका लागि तपसीलका अधुरा ९० (नब्बे) प्रतिशत भन्दा कम भौतिक प्रगति हासिल भएका ठेक्काहरुलाई एक पटकको लागि तानसेन नगरपालिकालाई सम्झौता रकममा थप आर्थिक व्ययभार नपर्ने गरी आ.ब. २०८३/०८४ मा जम्मा रकम रु. ४१०६२९६०.५७

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

(अक्षेरेपी चार करोड दश लाख बैसट्ठी हजार नौ सय साठी रुपैया सन्ताउन्न पैसा मात्र) बजेट श्रोत सुनिश्चित गरी बढीमा ६ (छ) महिना म्याद थप गर्ने र निर्माण कार्य सम्पन्न पश्चात भुक्तानी गर्ने र ९० (नब्बे) प्रतिशत भन्दा बढी भौतिक प्रगति हासिल भएका ठेक्काहरुलाई प्रचलित कानुन अनुसार कार्य स्वीकार्य प्रदान गर्ने निर्णय गरियो।

| सि.नं. | ठेक्का नं. | गर्नुपर्ने काम सम्बन्धि विवरण | संबन्धित निर्माण व्यवसायी | सम्झौता मिति | कार्यसम्पन्न गर्नुपर्ने मिति र म्याद थप सम्बन्धि विवरण | ठेक्का सम्झौता रकम ( भ्याट सहित( | हालसम्मको भुक्तानी रकम ) भ्याट (सहित | भुक्तानी हुन बाकी रकम | ठेक्का को भौतिक तथा वित्तिय प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | TM/PLP/W/NCB/01/2076-77 | गुन्द्रेखोल्सा सरदा मा.वि. देखि सा.रे.म. सडक कालोपत्रे गर्ने कार्य, ता.न.पा. ८, पाल्पा | जीवन एंड ब्रदर्स कन्स्ट्रक्सन, ता. न.पा-८, पाल्पा | ११/२२/२०७६ | ०३/१५/२०७७ | ६७००१६७.३१ | १७५६४२५.७९ | ४९४३७४१.५२ | २६.२१ |
| २ | TM/PLP/W/NCB/11/2076-77 | लायन्स धर्मशाला देखि पारीलेक बन जाने सिडी निर्माण मर्मत तथा सौन्दर्य करण गर्ने कार्य, ता.न.पा. १, पाल्पा | शाइन कन्स्ट्रक्सन, काठमाडौँ | ०१/२२/२०७७ | ०३/२०/२०७७ | १८७४२३६.८ | 0.00 | १८७४२३६.८० | 0.00 |
| ३ | ०३/०६६-०६७ | ११ मिटर उचाई सम्म भ्युटावर निर्माण गर्ने कार्य, ता.न.पा. ३, पाल्पा | जयरक्तकाली कन्स्ट्रक्सन प्रा. लि., ककनी-३, नुवाकोट | १२/०८/२०६६ | २०६७/०३/२० र पटकपटक गरि २०७०/०८/३० सम्म म्याद थप भएको | ४४५२३८१.०५ | ४४२१४७१.०९ | ३०९०९.९६ | ९९.३१ |
| ४ | ०७/०६७-०६८ | ११ मिटर उचाई देखि माथि सम्पूर्ण भ्युटावर निर्माण गर्ने कार्य, ता.न.पा. ३, पाल्पा | हिमडुग एंड थोकर/जयरक्तकाली जे.भि., काठमाडौँ | ०१/०८/२०६८ | २०६९/०३/१५ र पटकपटक गरि २०७०/०८/३० सम्म म्याद थप भएको | ६०१६९५८.६३ | ४७७६४५६.८१ | १२४०५०१.८२ | ७९.३८ |

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | TM/PLP/W/NCB/03/2076-77 | भालेबास छाप पिपलडाँडातिनाउ सडकसुधार कार्य, ता.न.पा. -८, पाल्पा | सुदिप सुदिक्षा निर्माण तथा सप्लायर्स प्रा.लि., पाल्पा | ११/२२/२०७६ | २०७७/०३/१५ र २०७८/०३/१५ सम्म म्याद थप भएको | ६१३३११५३.०५ | ४१४१३३१०.७२ | ११८४१३२३.३३ | ६७.५५ |
| ६ | TM/PLP/W/NCB/0५/2076-77 | नारायण डाँडा बिमडाँडा, अर्चले, सपखुम, चण्डी भन्ज्यांग सडक सुधार कार्य, ता.न.पा. -१ र ५, पाल्पा | सुदिप सुदिक्षा निर्माण तथा सप्लायर्स प्रा.लि., पाल्पा | ११/२२/२०७६ | २०७७/०३/१५ र २०७८/०३/१५ सम्म म्याद थप भएको | ४८२१४०३.५४ | ३६३३१३५.१७ | ११८५२३८.३७ | ७५.४२ |
| ७ | TM/PLP/W/NCB/04/2077-78 (पहिलो चरण) | सेतिपोखरी, गणसाल, वृन्दाबन सडक सुधार कार्य, ता.न.पा. -५ र १०, पाल्पा | उदय कन्स्ट्रक्सन एंड इन्जिनियरिंग कन्सल्टेन्सी प्रा.लि., पाल्पा | ०१/२२/२०७७ | २०७८/०३/१५ र २०७८ चैत्र मसान्त सम्म म्याद थप भएको | ५५३५५७१४.३८ | २४४१०३१.९५ | ३१२४५४८.२३ | ४३.८५ |
| ८ | TM/PLP/W/NCB/08/2077-78 (दोस्रो चरण) | सेतिपोखरी, गणसाल, वृन्दाबन सडक सुधार कार्य, ता.न.पा. -५ र १०, पाल्पा | उदय कन्स्ट्रक्सन एंड इन्जिनियरिंग कन्सल्टेन्सी प्रा.लि., पाल्पा | २०७८/०१/१४ | २०७८/०३/१५ र २०७८ चैत्र मसान्त सम्म म्याद थप भएको | २०७७४१२८४.३० | २४३१३०८.९७ | ३४२८१४५.३५ | ४३.७२ |
| ९ | TM/PLP/W/NCB/16/2077-78 | इन्डस्ट्रियल भिलेजको बाउडरी वाल निर्माण कार्य, ता.न.पा. ७, पाल्पा | बसन्त निर्माण सेवा, बगनासकाली, पाल्पा | ०३/२४/२०७८ | २०७९/०३/१५ र २०८०/०२/३२ सम्म म्याद थप भएको | ५७८८८७६३.११ | ४८७८१२४.५५ | ११५५१७८.३५ | ८४.४८ |

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १० | TM/PLP/W/NCB/06/2078-79 | मितलपाटि ,जनता स्कुल गेट, बसन्तपुर देउराली, बतासेडाँडा सडक सुधार कार्य, ता.न.पा. -३ र ५, पाल्पा | रेड अर्थ कन्स्ट्रक्सन प्रा.लि., पाल्पा | १२/२०/२०७८ | ०३/१५/२०७९ | ४३१८८७४.८१ | ३५१८९२९ | ७११११४५.८१ |
| ११ | TM/PLP/W/NCB/10/2080-081 | सल्लेरीडाँडा देखि रावलटोल हुदै धुनाघाट जाने सडक सुधार कार्य, ता.न.पा. - ५, पाल्पा | प्रिमियम कन्स्ट्रक्सन एंड सप्लायर्स प्रा.लि., रुपन्देही | ०१/२५/२०८० | २०८१/०१/३० र २०८१/३/१५ सम्म म्याद थप भएको | ३९३१९७०.९७ | २६७१७३३.४३ | १२५९४३७.५४ |
| १२ | TM/PLP/W/NCB/11/2081-082 | रानीमहल पेंटिंग, मर्मत तथा सौन्दर्यकरण कार्य, ता.न.पा. - १३, पाल्पा | A. S. L. A. कन्स्ट्रक्सन प्रा.लि., काठमाडौँ | १०/२२/२०८१ | २०८२ जेष्ठ मसान्तसम्म म्याद भएको | १६७२५३५१.३३ | १२८४१७१३.४२ | ५३६२४८२.५२ |
| १३ | TM/PLP/W/NCB/02/2075-076 | फ्लग स्टोन बिछ्याउने कार्य, तानसेन-३ र ४,पाल्पा | सि. यम./शिवालय जे.भि., काठमाडौँ | १२/०१/२०७५ | २०७६/११/३० र २०७७ पौष मसान्त सम्म म्याद थप भएको | १८३६११४५५.४२ | १०३७७११४.४३ | ७३४४१४४८.०५ |
| १४ | TM/PLP/W/NCB/10/2076-077 | सडक मर्मत कार्य (बतासे, कैलाशनगर, श्रीनगर, सेन्ट क्यप्तनियो, आखा अस्पताल, लायन्स धर्मशाला, गैरागाउ, रोज रिसोर्ट सडक), ता.न.पा. १,३, र ५, पाल्पा | शर्मा निर्माण सेवा, चापपानी, पाल्पा | ०१/२८/२०७७ | ०३/२०/२०७७ | १२०४०७८२५.८२ | ३५१८५०३.०२ | ८५२२२२२.५३ |

| | |
|---|---|
| १० | ८१.४२ |
| ११ | ६८/०३ |
| १२ | ३६.२४ |
| १३ | ५८.२९ |
| १४ | २९.२२ |

प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १५ | TM/PLP/W/NCB/19/2080-081 | सडक मर्मत कार्य (कैलाशनगर, श्रीनगर, गौरीशंकर, होलंग्दी, लायन्स धर्मशाला, गोर्खेकोट, चिलंग्दी, गैरागाउ,धुवघाट ,कजिपौवा, बालज्योति, बहुमुखी, देवकोटा चोक, शारदा मावि मदनपोखारा,सडक) , ता.न.पा. १,३, र ८, पाल्पा | उत्तरबाहिनी एन.जी. ग्रुप अफ कन्स्ट्रक्सन, स्याङ्गजा | २०८१/०२/२० | ०३/२५/२०८१ | ११४८३८८७.२५ | ५७८७२३४.०१ | ५६९६६५३.२४ | ५०.३९ |
| १६ | TM/PLP/W/NCB/१२/2079-080 | सडक स्तरोन्नति कार्य (पोहलधारा, आपटारी, ओमपार्क सडक), ता.न.पा. १ पाल्पा | बाबा कन्स्ट्रक्सन, वालिंग-८, स्याङ्गजा | १२/१२/२०७९ | २०८०/०२/३० र म्याद थप पछी २०८१/०३/१५ सम्म | ४००६९८१.८३ | ३०४९७४०. | ९५७२४१।८३ | ७६।११ |
| जम्मा | | | | | | १०००१९६३५.२९ | ५८९५६६७४.७२ | ४१०६२९६०.५७ | |

निर्णय नं. १६

तानसेन नगरपालिकालाई आवस्यक पर्ने डोजर चालक १, डोजर हेल्पर १, विद्युत सहयोगी २, माली १ र ४ जना कार्यालय सहयोगी (वडा कार्यालय समेतलाई) सेवा करारमा राख्नका लागि प्रकृया अगाडि वढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १७

यस नगरपालिकाको अघिल्लो आ.व.को आय रु. १०२१४८१५६२।६० (७१.०३ प्रतिशत) र व्यय रु. ९५९८०२४३९।९४।(६६.७४ प्रतिशत) विवरण स्वीकृत गरी सार्वजनिक गर्ने निर्णय गरियो ।

निर्णय नं. १८

ता.न.पा. वडा नं. १ निवासी कुन्ति वस्यालको घरको सम्वन्धमा तानसेन रानीमहल सडक खण्डमा निजको घर पर्ने र उक्त सडकले निजको निकास वन्द भएको तथा जग्गा समेत कटान भएको साथै घरको तल्लो क्षेत्रवाट वाटो निर्माण हुँदा दोहोरो कटान भई घर असुरक्षित भएकोले घरको तल्लो क्षेत्रवाट टेवा पर्खाल निर्माण गर्न आवस्यक देखिएकोले सम्वन्धित पक्षहरुसंग छलफल गरी निकाशाको लागि पहल गर्न ता.न.पा. वडा नं. १ वडा कार्यालयलाई जिम्मा दिने निर्णय गरियो ।

उत्तरनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

निर्णय नं. १९
तानसेन नगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिबाट पेश भएको अनुगमन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो । साथै अनुगमन गरीएका ३८८ वटा योजनाहरु अनुमोदन र फरफारक गरियो ।

निर्णय नं. २०
तानसेन नगरपालिकाको आ.व. ०८२।०८३ को अन्तिम चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम साझेदारी संस्था पाल्पा विकास केन्द्रको समन्वयमा ता.न.पा. वडा नं. १ हातेमालो टोलमा सम्पन्न भएकोमा उक्त सार्वजनिक सुनुवाई कार्यक्रममा नागरिकवाट प्राप्त सुझाव सहित प्राप्त भएको प्रतिवेदन माथी छलफल गरी उक्त प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

... गिरी
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख